# इलाम नगरपालिका कार्यालय, इलाम
## प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान
## (प्रथम पटक प्रकाशन मिति : २०७३।०५।०५)

१. हरित उद्यमशीलताका लागि सार्वजनिक निजी साझेदारी (PPP for 4Gs)परियोजना युरोपियन युनियनको आर्थिक सहयोगमा स्वीच एशिया कार्यक्रम अन्तरगंत सञ्चालित कार्यक्रम हो । यस परियोजनाको उद्देश्य सार्वजनिक निजी साझेदारी (PPP) निकाय मार्फत इलाम नगरपालिका क्षेत्रभित्र दिगो फोहरमैला व्यवस्थापन गरी हरित नगरको रुपमा विकास गर्नु रहेको छ ।

२. इलाम नगरपालिका कार्यालयबाट दिगो फोहरमैला व्यवस्थापनको लागि पहिलो चरणबाट छनौट भएका काम गर्न इच्छुक निजी क्षेत्र,सामुदायिक संस्था,संयूक्त लगानी संस्था, गैसस,सहकारी संस्थाहरुबाट शीलबन्दी प्राविधिक तथा आर्थिक प्रस्तावहरु छुट्टाछुट्टै आव्हान गरिन्छ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र छनौट भएका बोलपत्रदाताहरुले नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, आयकरको स्थायी लेखानम्बर (PAN) वा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदन दिई पूर्ण प्रस्ताव कार्यनिर्देशन (TOR) मा तोकेको ढाँचामा कार्यालय समयभित्र यस कार्यालयमा पेश गर्न सकिनेछ ।

४. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिनको ५:०० बजे भित्र वा सो भन्दा अगाडि नै प्राविधिक र आर्थिक प्रस्ताव यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका प्रस्तावहरु दर्ता भएको मितिले ७ दिनभित्र छनौट समिति र प्राविधिकहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । प्राविधिक प्रस्तावका शर्त पूरा गरेका संस्थाहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

५. प्रस्तावित सार्वजनिक निजी साझेदारी सेवा सम्बन्धी गर्नुपर्ने कामको सम्पूर्ण विवरण, कार्यनिर्देशन(TOR )मा उपलब्ध गराईनेछ ।

६. निजी साझेदार संस्थाको छनौट साझेदार संस्थाको अधिकतम लगानी र न्यून अनुदान माग भएको साझेदार (JV)बजेट प्रणाली अन्तरगत गरिनेछ । सेवाका लागि चाहिने आवश्यक रकम, गर्नु पर्ने कामको कार्यनिर्देशन(TOR) र व्यावसायिक योजनामा संलग्न गरिएको छ ।

७. इच्छुक योग्य प्रस्तावदाताहरुले यस सम्बन्धी थप जानकारी लिन चाहेको खण्डमा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**निजी क्षेत्र,सामुदायिक संस्था संयुक्त लगानी संस्था, गैसस तथा सहकारी संस्थालाई जानकारीका लागि**

| | |
|---|---|
| १. | प्रस्ताव पेश गर्नुपर्ने स्थान :<br>कार्यकारी अधिकृत<br>इलाम नगरपालिकाको कार्यलय इलाम<br>हरित उद्यमशीलताका लागि सार्वजनिक निजी साझेदारी परियोजना |
| २. | प्रस्ताव बुझाउने अन्तिम मिति : प्रथम् पटक प्रकाशित भएको मितिले १५औं दिनको ५:०० बजे भित्र प्रस्ताव पत्र खरिद गर्ने अथवा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट वा बिदा पछि कार्यालय खुलेको दिन हुनेछ । |
| ३. | प्राविधिक तथा आर्थिक प्रस्तावको एक प्रति सक्कल र एक प्रति नक्कल बुझाउनु पर्नेछ । साथै,(TOR) खरिद रसिदको प्रतिलिपि पनि बुझाउनु पर्नेछ |
| ४. | प्रस्तावपत्र सम्बन्धी स्पष्ट जानकारी सम्बन्धित इलाम नगरपालिका कार्यालय PPP for 4Gs परियोजनाबाट प्राप्त गर्न सकिनेछ । |
| ५. | पूर्व प्रस्ताव बैठक हुने : नहुने । |
| ६. | अनुमानित आवश्यक महिनावारी दक्ष कर्मचारीहरुको संख्या : कार्य क्षेत्रगत (TOR) शर्तमा उल्लेख भए बमोजिम हुनेछ । |
| ७. | फर्मले कार्यनिर्देशन (TOR) बमोजिमको एउटा व्यावसायिक दक्ष समूहको प्रस्ताव गर्नु पर्नेछ |
| ८. | प्रत्येक प्राविधिक प्रस्तावको मुल्याङ्कनमा अङ्क प्रदान गरिने प्रकिया : प्रस्ताव सम्बन्धि कागजातमा दिइएको छ । |
| ९. | प्राविधिक प्रस्तावमा उत्तीर्ण हुन आवश्यक न्यूनतम् अङ्कः ६0% |
| १०. | प्राविधिक प्रस्तावमा कम्तीमा ६० प्रतिशत अंक प्राप्त गरेका संस्थाहरुको हकमा मात्र आर्थिक प्रस्ताव खोलिनेछ । |
| ११. | प्राविधिक र आर्थिक प्रस्ताव अङ्कभार ८० प्रतिशत र २० प्रतिशत रहनेछ र संयूक्त प्राप्ताङ्क निकालिने छ । |
| १२. | काम शुरु गर्ने मिति : दुई पक्षीय सम्झौतामा उल्लेख गरिनेछ । |

*नोट :* कार्यनिर्देशन (TOR) र अन्य आवश्यक कागजातहरु नगरपालिको कार्यालयमा रु.१०००/- भुक्तानी गरी प्राप्त गर्न सकिने छ ।

**आसय पत्रबाट छनौट भएका संस्थाहरु निम्न बमोजिम रहेका छन् :**

१. महिला वातावरण संरक्षण समिति कुपोण्डोल ललितपूर
२. महिला कल्याण समाज इलाम/हरितनगर कृषि सहकारी संस्था लि.इलाम
३. सुनगाभा विकास संस्था इलाम/बरबोटे कृषि सहकारी संस्था लि. इलाम
४. मानव विकास केन्द्र बिर्तामोड,झापा
५. अभियान नेपाल/हरितनगर महिला समूह/मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह इलाम
६. महिला जागरण संघ इलाम/सेतीदेवी बहुद्देश्यीय सहकारी संस्था लि.इलाम
७ वातावरण संरक्षण अभियान गौशाला काठमाडौ
८. साहारा नेपाल चारपाने झापा/ब्लु वेस्ट भ्यालु प्रा.लि.,काठमाण्डौं

इलाम नगरपालिका कार्यालय इलाम २०१५

कार्यकारी अधिकृत